# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, असोज २८ गते २०३१ साल

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको
### सूचना

श्री ५ को सरकारले वेहायको जिल्लाको माल कार्यालयहरूको नाम "कोष तथा तहसील कार्यालय" भन्ने राखेको छ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ११ (१) ले दिएको अधिकार प्रयोग गरी सो कार्यालयका प्रमुखहरूलाई भूमि प्रशासन ऐन, २०२४ को परिच्छेद ३ अन्तर्गत भूमि प्रशासकमा रहेको अधिकार प्रत्यायोजन गरेको छ ।

१. इलाम, २. उदयपुर, ३. सिंधुली र ४. सुर्खेत

आज्ञाले–
नरकान्त अधिकारी
श्री ५ को सरकारको का. मु. सचिव

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको
### सूचना

कर्मचारी संचय कोष ऐन, २०१९ को दफा १६ को उपदफा (१) बमोजिम श्री ५ को सरकारको स्वीकृति लिई कर्मचारी संचय कोषले संझौता गरेको बर्दिया जिल्ला पञ्चायतका कर्मचारीहरूको सन्चय कोषमा जम्मा भएको रकमको साँवा र व्याज सम्बन्धमा मिति २०३०।५।२८ देखि उक्त ऐन लागू हुने गरी श्री ५ को सरकारले घोषित गरेको छ ।

आज्ञाले–
नरकान्त अधिकारी
श्री ५ को सरकारको का. मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

आर्थिक ऐन, २०३१ को दफा २ को प्रतिबन्धात्मक वाक्यांशले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नेपाल अधिराज्यमा भारतबाहेक अन्य मुलुकबाट पैठारी हुने देहायका पदार्थहरूमा देहायबमोजिम भन्सार महसूल लगाई असुल उपर गरिनेछ।

| सि.नं. | संकेत नम्बर | वस्तुको नाम | ईकाई | पैठारी महसूल दर |
|---|---|---|---|---|
| १ | ५३३–०३४ | अरू पेण्ट, रंग पिगमेण्ट ईनामेल अन्यत्र नपरेको– | क्वीन्टल | ६२।५५ |
| २ | ५३३–०३६ | तयारी पेण्ट ईनामेल | लिटर | २।०६ |
| ३ | ६८१–०१ | फलाम कच्चा (क्रुड रूपमा) पिग आईरन, गालेको फलाम वा काष्ट (ढालेको) फलाम स्पन्ज (फलाम र ईस्पातको धुलो समेत)– | मेट्रिक टन | ६७।३० |
| ४ | ६८२–०१ | तामा र वजनमा ५० प्रतिशत र सोभन्दा बढी तामा मिसिएको तामा मिश्रण, धातु, कच्चारूपमा तामा र तामा मिश्रण (काँस, पित्तल) को इनगट, बार ब्लक, स्लेब, बिलेट, शात र पैलेट– | मेट्रिक टन | ५,५६०।– |
| ५ | ६८२–०२ | तामा र तामा मिश्रणको पाता, चादर, र्सकिल, तार ष्ट्रिप र फ्वाईल आदि– | मेट्रिक टन | ६,२५५।– |
| ६ | ६८२–०५ | तामा र तामा मिश्रणको पाईप र ट्यूब– | मो.प्र.श. | २० |
| ७ | ६८६–०१ | जस्ता (जींक) मिश्रण (बनाई सकेको) इनगट, बिलेट, स्लेब ब्लक, छड, डण्डि, पिलेट, स्पेल्टर, ड्रास, एस, काष्टस्टिक एनोड, केथोड पिग र केक– | मेट्रिक टन | २,०८५।– |
| ८ | ६८६–०२ | जस्ता र जस्ता मिश्रणको पाता, चादर, र्सकिल, तार फ्वाईल, ष्ट्रिप, एंगिलसेप र सेक्सन आदि– | मेट्रिक टन | २,५०२।– |
| ९ | ६८६–०३ | जस्ताको पाईप र नलि– | मो.प्र. श. | २० |

४८४

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| सि.नं. | संकेत नम्बर | वस्तुको नाम | ईकाई | पैठारी महसूल दर |
|---|---|---|---|---|
| १० | ६८७–०२ | टिन र टिन मिश्रणको टेगरका सिट र टेंगर, चादर, तार स्ट्रीप, फ्वाईल, पाईप, नलि, एगिंललेप र सेक्सन आदि– | मेट्रिक टन | १,७११।८० |
| ११ | ६२९–११ | रबरको टायर ट्यूबहरू (मोटर, मोटर साईकल, ट्रेक्टर आदिको) | मो.प्र.श. | ५५ |
| १२ | ६५१–०३ | (१) सुति धागो हरेक किसिमको (कटन टुइस्टयार्न र थ्रेड) नबाटेको कोरा अथवा धुवाको:– | | |
| | | (क) २९ भन्दा कम काउण्टको– | किलोग्राम | ।८४ |
| | | (ख) ३४ भन्दा कम्ती २९ काउन्टसम्मको– | ,, | १।५३ |
| | | (ग) ४० भन्दा कम्ती ३४ काउन्टसम्मको– | ,, | १।७४ |
| | | (घ) ५१ भन्दा कम्ती ४० काउन्टसम्मको– | ,, | ३।९७ |
| | | (ङ) ५१ र सो भन्दा बढी काउन्ट भएको– | ,, | ५।२१ |
| १३ | ६६१–०२ | सिमेन्ट– | मो. प्र. श. | ३३ |
| १४ | ६८१–०१ | स्टिल ईनगट (ढिक्का)– | मेट्रिक टन | २७८। |
| १५ | ६८१–०५ | फलाम र ईस्पातको फलेट, स्केल्प र स्ट्रिप– (१) स्केल्प– | मेट्रिक टन | १,३२०।५० |
| १६ | ६८१–०२१ | फलाम ईस्पात र अरू धातुको मिश्रण अर्ध तयारी ईस्पात ब्लक, ब्लुम बिलेट, स्लेब सिटबार, टिनबार र होबार समेत– | मेट्रिक टन | ४५८।७० |
| १७ | १२१–०१ | काँचो (केही नबनाएको) सूर्ति, सूर्तिको पात– | किलोग्राम | ७।५८ |
| १८ | ६३१–०३ | प्लाईउड अरू सबै किसिमको, घाँसबाट बनेको समेत– | मो. प्र. श. | २७॥ |
| १९ | ६६४–०४ | झ्यालको ऐना वा ऐनाको चादर (सिट ग्लास र प्लेट ग्लास)– | मो. प्र. श. | २५ |

आज्ञाले–
नरकान्त अधिकारी
श्री ५ को सरकारको का. मु. सचिव

४८६

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

५४८

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।